# नेपाल धितोपत्र बोर्ड समाचार

अङ्क-१९, असोज-कातिक, २०७५/७६


## विश्व लगानीकर्ता सप्ताह, २०१८ सम्पन्न

**असोज १५-२१, २०७५**: बोर्डले विश्व लगानीकर्ता सप्ताह २०१८ को अवसरमा **समृद्ध नेपालको आर्थिक आधारः गतिशील, विश्वसनीय तथा देशव्यापी पूँजी बजार** भन्ने मूल नारासहित यही असोज १५ देखि २१ सम्म (तद्अनुसार अक्टोबर १ देखि ७ सम्म) आयोजना गरेका कार्यक्रमहरु भव्यतापूर्वक सम्पन्न भएका छन् । धितोपत्र नियमन निकायहरुको अन्तर्राष्ट्रिय संस्था (International Organisation of Securities Commissions, IOSCO) ले आव्हान गरे अनुरुप सर्वसाधारणलाई धितोपत्र बजार तथा सेवाका सम्बन्धमा जानकारी दिई लगानीकर्ताको सशक्तिकरण गर्ने उद्देश्यले आयोजना गरिएको विश्व लगानीकर्ता सप्ताह २०१८ मा बोर्ड, नेपाल स्टक एक्सचेञ्ज लि. (नेप्से), सिडिएस एण्ड क्लियरिङ्ग लि. (सिडिएससी) बजार सहभागी तथा सर्वसाधारण लगानीकर्ताहरुको उल्लेख्य सहभागिता रहेको थियो । बोर्डको समन्वयमा प्रभातफेरी कार्यक्रम, लगानीकर्ताका लागि प्राविधिक प्रशिक्षण तथा त्रैमासिक सुनुवाई कार्यक्रम, टेलिभिजनमा अन्तरक्रिया कार्यक्रम, धितोपत्र तथा वस्तु विनिमय सम्बन्धी पाक्षिक रेडियो कार्यक्रम शुरुवात र प्रदेश नं.१ मा पहिलो पूँजी बजार प्रदर्शनीको भव्यतापूर्वक आयोजना गरी उक्त सप्ताह सम्पन्न भएको छ । यससम्बन्धी विस्तृत गतिविधि देहाय बमोजिम प्रस्तुत गरिएको छ ।

**१. प्रभातफेरीः** बोर्डले मिति २०७५ असोज १५ मा नेप्से, सिडिएससि, धितोपत्र व्यवसायी, विभिन्न धितोपत्र व्यवसायी संघ तथा सर्वसाधारण लगानीकर्ताको उत्साहबर्द्धक सहभागितामा राजधानी काठमाडौंमा प्रभातफेरी कार्यक्रम सम्पन्न गरेको थियो । काठमाडौंको भद्रकालीबाट शुरु भएको प्रभातफेरी कार्यक्रममा बोर्ड, नेप्से, सिडिएससी, मर्चेन्ट बैंकर, धितोपत्र दलाल, आस्वा सदस्य, लगानीकर्ता गरी करिव ३ हजार जनाको सहभागिता रहेको थियो । बाजागाजासहित शुरु भएको र्‍यालीमा सहभागी संस्थाहरु आ-आफ्ना ब्यानरसहित उपस्थित भएका थिए । सहभागीहरुले धितोपत्र बजारका लगानीकर्तालाई जागरुक एवं सचेत गर्ने विभिन्न सन्देशमूलक प्लेकार्ड पनि बोकेका थिए । र्‍याली टुँडिखेल परिक्रमा गर्दै भृकुटीमण्डपमा पुगी समापन भएको थियो ।







*काठमाडौंमा आयोजित प्रभातफेरी कार्यक्रमको एक झलक*

र्‍यालीको समापन कार्यक्रममा बोल्दै नेप्से, सिडिएससि, रेटिङ्ग कम्पनीका प्रतिनिधि तथा बजार सहभागीसम्बद्ध संघसंस्थाहरुका प्रतिनिधिहरुले प्रभातफेरीमा भएको व्यापक एवं उत्साहबर्द्धक सहभागिताले नेपालको धितोपत्र बजारको सुधार तथा विकासमा सवैको चासो बढ्दै गएको र


यस भित्र

- विश्व लगानीकर्ता सप्ताह, २०१८ सम्पन्न पृ.१-४
- धितोपत्र बजारमा हालसालै भएका सुधार पृ.५
- चालु आ.व.२०७५।७६ को प्रथम चार ... पृ.६
- लेख/रचना ... पृ.९
- विश्व लगानीकर्ता सप्ताह २०१८ का केही झलकहरु.... पृ. ११

आउँदा दिनमा धितोपत्र बजार तिव्र रुपमा विकास तथा विस्तार हुने विचार व्यक्त भएको थियो । यस्तै लगानीकर्ता सम्बद्ध संघसंस्थाका प्रतिनिधिहरुले लगानीकर्तालाई ध्यानमा राखी बोर्डले आयोजना गरेको प्रभातफेरी कार्यक्रमले आफूहरुलाई उत्साहित बनाएको बताउँदै आगामी दिनमा लगानीकर्ताको हक हित रक्षाका लागि बोर्ड अग्रसर हुने साथै पूँजी बजार लगानीकर्तामैत्री हुने भनाई राखेका थिए । बोर्डका अध्यक्ष डा.रेवतबहादुर कार्कीले र्‍यालीको समापन मन्तव्य दिदै सर्वसाधारणमा पूँजी बजारसम्बन्धी सचेतना अभिवृद्धि गरी बजारमा उनीहरुको सहभागितालाई प्रोत्साहित गर्न सम्पूर्ण बजार सहभागीलाई आव्हान समेत गर्नुभएको थियो ।

**२.पत्रकार सम्मेलन कार्यक्रमः** बोर्डले मिति २०७५ असोज १६ मा विराटनगरमा एक पत्रकार सम्मेलन गरी २०७५ असोज १९ र २० गते विराटनगरमा आयोजना हुने पहिलो प्रादेशिक पूँजी बजार प्रदर्शनीका विविध पक्षहरुका सम्बन्धमा जानकारी दिएको थियो । उक्त पत्रकार सम्मेलनमा बोर्डका अध्यक्ष डा.रेवतबहादुर कार्कीले प्रादेशिक पूँजी बजार प्रदर्शनी २०७५ र विश्व लगानीकर्ता सप्ताह सहित धितोपत्र बजारको वर्तमान अवस्था र यसको सुधारका लागि भएका प्रयासहरुको बारेमा संक्षिप्त जानकारी दिनुभएको थियो भने विश्व लगानीकर्ता सप्ताहका राष्ट्रिय संयोजक तथा बोर्डका उप कार्यकारी निर्देशक डा.नवराज अधिकारीले प्रदर्शनीलाई भब्य एवं सब्यरुपमा सम्पन्न गर्न सम्बन्धित सवैको सहयोगको अपेक्षा गरिएको जानकारी दिनुभएको थियो । साथै, प्रदर्शनीको प्रभावकारी व्यवस्थापनका लागि स्थानीय बौद्धिक व्यक्तित्व तथा स्थानीय संघसंस्थाको प्रतिनिधिहरुसहितको १४ सदस्यसहितका सहजकर्ता समितिका संयोजक तथा प्रदेश नं. १ को आर्थिक मामिला तथा योजना मन्त्रालयका सल्लाहकार प्राध्यापक डा. प्रमोद कुमार झाले पूँजी परिचालनको लागि महत्वपूर्ण संयन्त्रको रुपमा रहेको पूँजी बजारलाई प्राथमिकता दिने मुलुकहरु विकसित भएको उदाहरण दिँदै वित्तीय साक्षरता कम भएको हाम्रो जस्तो मुलुकमा वित्तीय साक्षरता एवं लगानीकर्ता शिक्षा अभिवृद्धि गरी पूँजी बजारलाई थप गतिशिल तथा प्रतिष्पर्धी बनाउनमा यस प्रकारको प्रदर्शनीको महत्वपूर्ण भूमिका रहेको बताउनुभयो ।



*प्रदेश नं. १, विराटनगरमा आयोजित पत्रकार सम्मेलन कार्यक्रमको एक झलक*

**३. लगानीकर्ताका लागि प्राविधिक प्रशिक्षण तथा त्रैमासिक सुनुवाई कार्यक्रमः** बोर्डले सर्वसाधारण लगानीकतालाई सुसूचित गर्न तथा धितोपत्र बजारका सहभागीहरुको उपस्थितिमा लगानीकर्ताको गुनासो सम्बोधन गर्नका लागि मिति २०७५ असोज १७ मा लगानीकर्ताका लागि प्राविधिक प्रशिक्षण तथा सार्वजनिक सुनुवाई कार्यक्रमको आयोजना गरेको थियो । सो कार्यक्रममा बोर्डको परिमार्जित प्रयोगकर्तामैत्री वेवसाईट सार्वजनिक गरिनुका साथै बोर्डले प्रकाशन गरेको नेपाल धितोपत्र बोर्ड, एक संक्षिप्त जानकारीको विमोचन गरिएको थियो । कार्यक्रममा बोर्डका अन्य जानकारीमूलक प्रकाशनहरुको नयां संस्करण वितरण गरिनुका साथै नेप्से, सिडिएससी, साख मूल्याङ्कन संस्थाहरु तथा धितोपत्र दलाल व्यवसायी संघको प्रकाशनहरुको विमोचन र वितरण गरिएको थियो ।



*लगानीकर्ताका लागि प्राविधिक प्रशिक्षण तथा त्रैमासिक सुनुवाई कार्यक्रमको एक झलक*

उक्त कार्यक्रममा सिडिएससीको परिमार्जित वेवसाइट समेत सार्वजनिक गरिएको थियो । कुल १५० सर्वसाधारण लगानीकर्ताको सहभागिता रहेको उक्त कार्यक्रममा बोर्डका उप कार्यकारी निर्देशक श्री मुक्तिनाथ श्रेष्ठले धितोपत्र बजारका कानूनी पक्ष तथा बोर्डको भूमिका विषयमा प्रस्तुति दिनुभएको थियो भने इक्रा नेपाल लि. बाट रेटिङ्ग विभाग प्रमुख श्री किशोर प्रसाद बिमलीले साख मूल्याङ्कनको प्राविधिक पक्षमा कार्यपत्र प्रस्तुत गर्नुभएको थियो भने नेपाल स्टक एक्सचेञ्ज लि. का वरिष्ठ प्रबन्धक श्री निरञ्जन फूयाँलले धितोपत्र बजारको विविध पक्षहरु र सिडिएस एण्ड क्लियरीङ्ग लि. का प्रमुख कार्यकारी अधिकृत श्री देव प्रकाश गुप्ताले केन्द्रीय निक्षेप सेवाको प्राविधिक पक्षहरुमा लगानीकर्तालाई प्रशिक्षण दिनुभएको थियो । उक्त कार्यक्रम बोर्डका निर्देशकद्वय श्री निरञ्जय घिमिरे र दिपेश ताम्राकारले सञ्चालन गर्नुभएको थियो ।

**४. टेलिभिजनमा अन्तरक्रिया कार्यक्रम सम्पन्नः** नेपालमा धितोपत्र बजारको सुधार, विकास, विस्तार, नियमन, लगानीकर्ताहरुको लगानी प्रवृत्ति सम्बन्धमा लगानीकर्ताहरुलाई जानकारी दिई सशक्तिकरण गर्ने उद्देश्यले बोर्डको आयोजनामा एबीसी टेलिभिजनमार्फत् लाइभ सामूहिक छलफल कार्यक्रम प्रसारण गरिएको थियो । उक्त कार्यक्रममा पूँजी बजार विज्ञ तथा त्रिभुवन विश्वविद्यालयका प्रा.डा. राधेश्याम प्रधान, बोर्डका कार्यकारी निर्देशक श्री निरज गिरी, नेप्सेका महाप्रबन्धक श्री चन्द्रसिंह साउद, नेपाल इन्भेष्टर्स फोरमका उपाध्यक्ष श्री छोटेलाल रौनियार, आर्थिक कारोबार दैनिकका सम्पादक श्री कुबेर चालिसे सहभागी हुनुभएको थियो ।

**५. धितोपत्र तथा वस्तु विनिमय सम्बन्धी पाक्षिक रेडियो कार्यक्रम शुरुवातः** बोर्डले विश्व लगानीकर्ता सप्ताहको अवसरमा धितोपत्र बजारसम्बन्धी जानकारी देशभर घरघरमा सहज एवं सरल रुपमा पुऱ्याई धितोपत्र बजारमा सर्वसाधारणको जागरुकता बढाउन **धितोपत्र तथा वस्तु विनिमय** नामक पाक्षिक रेडियो कार्यक्रम शुभारम्भ गरेको छ। कार्यक्रममा विशेष रुपमा लगानीकर्ताले जान्नुपर्ने कुराहरु र बजार तथा नियमनसम्बन्धी समसामयिक गतिविधिहरु तथा यस सम्बन्धमा नियमन निकाय, बजार सहभागी तथा विज्ञको विचार प्रसारण गर्ने गरिएको छ। यस कार्यक्रमको पहिलो श्रृखला विश्व लगानीकर्ता सप्ताहको अवसरमा असोज २० बिहान रेडियो नेपालबाट प्रशारण भएको थियो। उक्त श्रंखलामा बोल्दै बोर्ड अध्यक्ष डा. रेवत बहादुर कार्कीले देशका ७७ जिल्लामा नै बोर्डले लगानीकर्ता प्रशिक्षण कार्यक्रम सञ्चालन गर्दै आएको अझ गाउँगाउँमा सर्वसाधारणलाई पूँजी बजारसम्बन्धी ज्ञान बढाउनका लागि यस प्रकारको रेडियो कार्यक्रम पहिलोपटक सञ्चालन गर्न लागिएको बताउनुभयो। उहाँले देशले राजनैतिक स्थिरता पाएको सन्दर्भ उल्लेख गर्दै आमसर्वसाधारणसँग रहेको बचतलाई पूँजी बजारमार्फत् देशको विकासका लागि परिचालन गर्नुपर्ने र यससम्बन्धमा सर्वसाधारणलाई जागरुक बनाउन यस प्रकारको रेडियो कार्यक्रम प्रभावकारी हुने धारणा राख्दै आगामी दिनमा यस रेडियो कार्यक्रमलाई थप प्रभावकारीताका साथ सञ्चालन गर्दै लगिने बताउनुभयो। सोही श्रृंखलामा बोर्डका कार्यकारी निर्देशक श्री निरज गिरीले विश्व लगानीकर्ता सप्ताहको अवसरमा बोर्डले पहिलोपटक आयोजना गरेको प्राविधिक प्रशिक्षण तथा त्रैमासिक सुनुवाई कार्यक्रमको बारेमा आफ्नो धारणा राख्नुभएको थियो भने बोर्डका उप कार्यकारी निर्देशक डा. नवराज अधिकारीले विश्व लगानीकर्ता सप्ताहको उद्देश्य र उक्त सप्ताहमा बोर्डले सञ्चालन गरेको विभिन्न जानकारी तथा सचेतनामूलक कार्यक्रमहरुका सम्बन्धमा जानकारी दिनुभएको थियो। यो रेडियो कार्यक्रम हरेक महिनाको पहिलो र तेस्रो शनिबार रेडियो नेपालबाट विहान ७:४० देखि ७:५५ सम्म प्रसारण हुँदै आएको छ।

**६. पहिलो प्रादेशिक पूँजी बजार प्रदर्शनीः** बोर्डले विश्व लगानीकर्ता सप्ताहको अवसर पारी प्रदेश नं.१ मा पहिलो पूँजी बजार प्रदर्शनी सफलतापूर्वक सम्पन्न गरेको छ। २०७५ असोज १९ र २० गते तद्अनुरुप अक्टोबर ५ र ६ मा नेपालको औद्योगिक नगरी प्रदेश नं. १ को विराटनगरमा आयोजना भएको उक्त प्रदर्शनीको समुद्घाटन कार्यक्रमका प्रमुख अतिथि तथा प्रदेश प्रदेश नं. १ का माननीय मुख्यमन्त्री श्री शेरधन राईले गर्नुभएको थियो।



*प्रदेश नं.१ का माननीय मुख्यमन्त्री श्री शेरधन राईः प्रदर्शनीको समुद्घाटन गर्नुहुँदै।*

समुद्घाटन मन्तव्यमा मुख्यमन्त्री राईले आर्थिक वृद्धि तथा विकासको साझा लक्ष्य लिएर सरकार अगाडि बढिरहेको बेलामा पूँजी परिचालनको महत्वपूर्ण संयन्त्रको रुपमा रहेको पूँजी बजारसम्बन्धी प्रदर्शनी प्रदेश नं. १ मा आयोजना गरेकोमा बोर्डलाई धन्यवाद दिनुभयो। उहाँले सरकारका स्थानीय निकायहरुले यस बजारमार्फत् ऋणपत्र जारी गरी आवश्यक पूँजी संकलन गर्न सक्ने, सर्वसाधारणको सहभागितामा विभिन्न उद्योगहरु सञ्चालन गरी प्रतिफललाई पनि सर्वसाधारणमै वितरण हुन सक्ने लगायतका विशेषताहरु यस बजारमा रहेको बताउँदै पूँजी बजारको

विकासबिना देशको आर्थिक विकास असम्भव भएको धारणा राख्नुभयो । सोही कार्यक्रममा उहाँले बोर्डले प्रकाशन गरेको आर्थिक, बैकिङ्ग तथा धितोपत्र बजारसम्बन्धी प्रादेशिक परिसूचकको समेत विमोचन गर्नुभएको थियो ।




*विराटनगरमा आयोजित प्रथम पूँजी बजार प्रदर्शनीमा आर्थिक, बैकिङ्ग तथा धितोपत्र बजारसम्बन्धी प्रादेशिक परिसूचक विमोचन कार्यक्रमको एक झलक*

प्रदेश नं १ को आर्थिक मामिला तथा योजना मन्त्रालयका सल्लाहकार तथा त्रिभुवन विश्वविद्यालयका प्रा.डा.प्रमोदकुमार झाको सभापतित्वमा सञ्चालित उक्त समुद्घाटन कार्यक्रममा प्रदेश नं. १ का आर्थिक मामिला तथा योजनामन्त्री माननीय श्री इन्द्र बहादुर आङ्बोले सप्ताहको अवसरमा **एक नेपाली एक डिम्याट खाता** अभियानको सुरुआत गर्दै दुई जना नयाँ लगानीकर्ता श्री बिमला भट्टराई र श्री रामराज प्रधानलाई डिम्याट खाता नम्बर प्रदान गर्नुभयो । उहाँले व्यापक जनसहभागितामा जलविद्युत परियोजना सञ्चालनका साथै अन्य उद्योग तथा व्यवसाय सञ्चालनका लागि पूँजी बजार आवश्यक भएको र यस्तो जनसहभागिता रहने विकासमा आफ्नो सदा सहयोग रहने बताउनुभयो ।

समुद्घाटन समारोहमा विशेष अतिथिको रुपमा बोल्दै नेपाल धितोपत्र बोर्डका अध्यक्ष डा.रेवतबहादुर कार्कीले नेपालको धितोपत्र बजारको सुरुवात नै विराटनगरबाट भएको गौरवपूर्ण इतिहासलाई सम्मान गर्नका लागि बोर्डले पहिलो प्रादेशिक पूँजी बजार प्रदर्शनी विराटनगरबाट शुरु गरेको बताउनुभयो । उहाँले पूँजी बजारसम्बन्धी सचेतना अभिवृद्धि गर्नकालागि आयोजना गरिएको प्रदर्शनीलाई भव्यताका साथ सम्पन्न गर्न सम्बन्धित सबैमा आग्रह समेत गर्नुभयो । समुद्घाटन समारोहका सभापति तथा प्रदर्शनी सहजकर्ता समितिका संयोजक प्रा.डा. प्रमोद कुमार झाले विश्वका विकसित देशहरुमा पूँजी बजार सशक्त रहेको बताउँदै नेपालको आर्थिक विकासका लागि पूँजीबजारलाई बलियो आधारको रुपमा अगाडि बढाउन आवश्यक भएको बताउनुभयो । उहाँले पूँजी बजारले पूँजी परिचालन गरी लगानी, रोजगारी र आम्दानी बढाउनमा महत्वपूर्ण भूमिका निर्वाह गर्ने भएकोले आगामी दिनमा देश विकासकालागि पूँजी बजारले नेतृत्व लिनुपर्ने बताउनुभयो ।

प्रदर्शनीमा Securities Markets, Real Sector Financing and Economic Development in Nepal विषय शिर्षकमा कृति क्यापिटल एण्ड इन्भेष्टमेन्ट लि. का प्रबन्ध निर्देशक श्री दीपेश वैध, Securities Markets and Real Sector Financing: Prospects and Challenge विषय शिर्षकमा त्रिभुवन विश्वविद्यालयका उप प्राध्यापक श्री के.पी. पाण्डे, मर्चेन्ट बैकिङ्ग व्यवसायी सेवाः सञ्चालन, वर्तमान अवस्था, सम्भावना र चुनौतीहरु विषय शिर्षकमा एनआइबिएल एस क्यापिटल लि. का महाप्रबन्धक श्री मेख बहादुर थापा, र धितोपत्र दलाल व्यवसायी सेवाः सञ्चालन, वर्तमान अवस्था, सम्भावना र चुनौतीहरु विषय शिर्षकमा सेक्यूर्ड सेक्यूरिटिज प्रा.लि. का प्रबन्ध निर्देशक श्री सन्तोष मैनालीको प्रस्तुतिकरण सहितको प्राविधिक सत्रहरु संचालन भएका थिए । उक्त सत्रमा विश्वविद्यालयका प्राध्यापक, पूँजी बजार विज्ञ तथा वरिष्ठ आर्थिक पत्रकारहरुले प्रस्तोताहरुको प्रस्तुतीकरणमाथि आफ्नो राय/प्रतिक्रिया राख्नुभएको थियो । प्रदर्शनीमा नेप्सेले अनलाइन कारोबारको मोक ट्रेडिङ्गका सम्बन्धमा प्रस्तुतिकरण समेत गरेको थियो ।

प्रदर्शनीमा बोर्ड तथा बजार सहभागीहरुका ११० स्टलमार्फत् करिब दश हजार सर्वसाधारणलाई धितोपत्र बजारसम्बन्धी जानकारी, अध्ययन सामग्रीहरुको निःशुल्क वितरण गर्नुका साथै केही इच्छुक सहभागीहरुलाई निशुल्क डिम्याट खाता खोल्ने सुविधा समेत दिइएको थियो ।

# धितोपत्र बजारमा हालसालै भएका सुधार तथा विकासका पहलहरु

## धितोपत्रको घरायसी तथा मृत्यु नामसारी प्रक्रिया सरल, सहज पारिएको

**कार्तिक ९, २०७५:** विगतमा सूचीकृत धितोपत्रको कारोवार, राफसाफ तथा नामसारी लगायतको तीन वटै कार्यहरु नेपाल स्टक एक्सचेञ्ज लि. (नेप्से) ले गर्ने गरेको र सोही वमोजिम सूचीकृत धितोपत्रको घरायसी तथा मृत्यु नामसारी कार्य समेत नेप्सेको सिफारिशमा सम्बन्धित सूचीकृत कम्पनीबाट हुने गरेको थियो । सिडिएस एण्ड क्लियरिङ्गको स्थापना भए पश्चात धितोपत्रको राफसाफ तथा नामसारी कार्य उक्त लि. वाट हुने गरेको तर घरायसी तथा मृत्यु नामसारी कार्य नेप्सेले नै गर्दै आईरहेको थियो । सिडिएसीले धितोपत्रको राफसाफ तथा नामसारी कार्य स्वचालित प्रणालीमार्फत गरिरहेको एवं धितोपत्रको अभौतिकिरण भए पश्चात घरायसी तथा मृत्यु नामसारी सम्बन्धी कार्य नेप्सेले गर्दा धेरै समय लाग्ने, अनावश्यक झण्झट वेहोर्नु पर्ने लगायतका विविध कठिनाई शेयरधनीहरले व्यहोरिरहेको तथा यस सम्वन्धमा बोर्डमा समेत गुनासाहरु प्राप्त भएको थियो ।

यसरी साविकमा भौतिक शेयरको घरायसी तथा मृत्यु नामसारी नेप्सेले गर्दै आएकोमा धितोपत्रको अभौतिकीकरण पश्चात यस सम्वन्धमा उत्पन्न अन्यौलता, कठिनाई एवम् गुनासो समेतलाई सम्बोधन गर्न आवश्यक देखिएकोले बोर्डले नेप्से र सिडिएसीलाई यस सम्बन्धमा आवश्यक व्यवस्था गर्न निर्देशन दिएको थियो । सोही बमोजिम सिडिएसीबाट धितोपत्र केन्द्रीय निक्षेप सेवा विनियमावली, २०६८ मा संशोधन प्रस्ताव गरी स्वीकृतिका लागि बोर्डमा पेश हुन आएको थियो । उक्त प्रस्तावित संशोधनमा बोर्डबाट पटक पटक पुनरावलोकन गरी आवश्यक सुधार गरि अन्तिम रुप दिईएको विनियमावलीको तेस्रो संशोधन प्रस्तावलाई वोर्डवाट हालसालै स्वीकृत गरिएको छ । घरायसी तथा मृत्यु नामसारी प्रक्रिया सम्वन्धमा बोर्डले स्वीकृत गरेको धितोपत्र केन्द्रीय निक्षेप सेवा (तेश्रो संशोधन) विनियमावली, २०६८ मा मुख्यत देहाय अनुसारको व्यवस्था गरिएको छः

१) भौतिक, अभौतिक धितोपत्रको घरायसी नामसारी गर्न र मृत्यु पश्चातको धितोपत्र नामसारी गर्न सम्बन्धित निवेदकले विनियमावलीमा तोकिए बमोजिमको फारम भरी निक्षेप सदस्यकोमा सम्वन्धित कागजात सहित निवेदन दिनुपर्ने,

२) निवेदन प्राप्त भए पश्चात निक्षेप सदस्यले त्यस्तो निवेदन तथा संलग्न कागजातहरु रुजु गरी सिडिएससीको प्रणालीमा प्रविष्टि गर्नु पर्ने,

३) निक्षेप सदस्यले प्रणालीमा प्रविष्टी गरे पश्चात प्रणालीबाट उपलब्ध हुने विवरण सहित निवेदन तथा संलग्न सम्पूर्ण कागजात आवश्यक कारवाहीका लागि सिडिएससीमा पेश गर्नु पर्ने,

४) निक्षेप सदस्यबाट प्राप्त हुन आएको निवेदन तथा कागजातको आवश्यक जाँचबुझ गरी उपयुक्त देखिएमा सिडिएससीले निवेदन बमोजिम धितोपत्रको हस्तान्तरण यथाशीघ्र गरि दिनुपर्ने,

५) धितोपत्र धनीको मृत्यु पश्चात् हकवालामा सर्ने धितोपत्रको हस्तान्तरणका लागि अन्य कसैको दाबी भए त्यस्तो दाबी गर्न आउनका लागि सिडिएससीको वेब साइटमा पैंतीस दिनको म्याद दिई सूचना प्रकाशित गर्नुपर्ने,

६) धितोपत्र धनीको मृत्यु पश्चात् हकवालामा सर्ने धितोपत्रको हस्तान्तरण गर्दा सो धितोपत्रसँग सम्बन्धित बोनस तथा लाभाँश लगायतका लाभहरु समेत हकवालाको नाममा हस्तान्तरण हुने ।

हाल वैंक तथा वित्तीय संस्था, धितोपत्र दलाल, मर्चेन्ट वैंकर तथा तिनका शाखाहरुमार्फत देशभरबाट डिपि सेवा प्रदान भइरहेको परिप्रेक्ष्यमा उल्लेखित व्यवस्थावाट सूचिकृत धितोपत्रको घरायसी तथा मृत्यु नामसारी प्रक्रिया अत्यन्त सरल, सहज तथा व्यापक भई लगानीकर्ताहरु लाभान्वित हुने देखिन्छ ।

# धितोपत्र व्यवसायीहरुको कर्मचारी सेवा, शर्त तथा सुविधा सम्बन्धमा

**असोज १०, २०७५**: बोर्डले धितोपत्र व्यवसायीलाई कर्मचारी व्यवस्थापन प्रभावकारी बनाउन मिति २०७५ असोज १० मा एक परिपत्र जारी गर्दै निर्देशन दिएको छ। कतिपय धितोपत्र व्यवसायीहरु (मर्चेन्ट वैंकर तथा धितोपत्र दलालहरु) को कर्मचारी सेवा शर्त विनियमावली नरहेको, कानून सम्मत हिसावले न्यूनतम तलब भत्ता समेत प्रदान नगरेको, कर्मचारीहरुलाई कानून सम्मत रुपमा काममा नलगाएको तथा व्यवसायलाई आवश्यक न्यूनतम योग्यता समेत हासिल नगरेका कर्मचारीहरु रहेको भन्ने गुनासाहरु बोर्डमा प्राप्त भएको साथै बोर्डबाट गरिएको सुपरिवेक्षण तथा व्यवसायीहरुबाट प्राप्त विवरण समेत अध्ययन गर्दा उपर्युक्त अनुसारको केही कैफियत देखिएकोमा उक्त समस्याहरुको निराकरण गरी संस्थाको व्यवस्थापकीय क्षमता सुदृढ गर्दै सेवा प्रवाहलाई थप प्रभावकारी वनाउन उक्त निर्देशन दिएको हो। मर्चेन्ट वैंकर तथा धितोपत्र दलाल व्यवसायीहरुलाई परिपत्रमार्फत् देहाय बमोजिमको व्यवस्था गर्न निर्देशन दिइएको छ।

क. नेपाल सरकारले हालै तोकेको न्यूनतम पारिश्रमिक सम्वन्धी कानूनी व्यवस्था बमोजिम योग्यता र विशिष्टताको साथै वित्तीय क्षेत्रमा प्रदान गरिएको औषत सेवा सुविधालाई दृष्टिगत गरी प्रचलित कानूनले तोके बमोजिम न्यूनतम पारिश्रमिक तथा वित्तीय क्षेत्रको औसत किसिमको सेवा सुविधा कर्मचारीहरुलाई उपलब्ध गराउन।

ख. संस्थामा कर्मचारीको रुपमा कार्यरत सवैलाई अनिवार्य रुपमा निजहरुको जिम्मेवारी तथा सेवा शर्त खुल्ने गरी नियुक्ति/करार गर्न।

ग. कर्मचारी नियुक्ति, योग्यता, जिम्मेवारी, सेवा, शर्त तथा सुविधा सम्वन्धमा कर्मचारी सेवा शर्त विनियमावली तयार गरी लागू गर्न।

साथै नेपाल सरकारको निर्णयानुसार मिति २०७५ आषाढ ३२ गतेको राजपत्रमा प्रकाशित सूचनामा उल्लेखित व्यवस्था कार्यान्वयन गर्न वोर्डवाट अनुमतिपत्र/दर्ता प्रमाणपत्र प्राप्त निकायहरुलाई उक्त संस्थामा कार्यरत श्रमिक तथा कर्मचारीहरुले पाउने पारिश्रमिक एवम् वित्तीय सुविधा वैंक खाता मार्फत अनिवार्य भुक्तानी कार्यान्वयन गर्ने व्यवस्था मिलाउन निर्देशन दिइएको छ।

# चालु आ.व.२०७५।७६ को प्रथम चार महिनामा धितोपत्र बजारको स्थिति

*आ.व. २०७५।७६ को प्रथम चार महिनामा धितोपत्र बजारमा संकुचन देखिएको छ। समीक्षा अवधिमा धितोपत्रको प्राथमिक तथा दोस्रो बजारमा गत वर्षको तुलनामा गिरावट आएको छ। आर्थिक वर्ष २०७५।७६ को प्रथम चार महिनामा धितोपत्रको प्राथमिक बजार र दोस्रो बजारको समीक्षा देहाय अुनसार प्रस्तुत गरिएको छ।*


### धितोपत्रको प्राथमिक बजारः

आ.व. २०७५।७६ को प्रथम चार महिनामा धितोपत्रको प्राथमिक बजारमार्फत् १३ संगठित संस्थालाई कुल रु. ८.३३ अर्ब बराबरको पूँजी परिचालनका लागि बोर्डले अनुमति प्रदान गरेको छ जुन गत वर्षको सोही अवधिको तुलनामा करिब ३९ प्रतिशतले कम हो। गत वर्ष उक्त समयावधिमा २३ संगठित संस्थाले कुल रु. १३.७९ अर्ब बराबरको पूँजी परिचालनका लागि अनुमति प्राप्त गरेका थिए। समीक्षा अवधिमा सूचीकृत कम्पनीहरुले ऋणपत्रमार्फत् बढी पूँजी परिचालन गरेका छन्। यस अवधिमा तीन बैंकहरुले कुल रु. ६.०८ अर्ब बराबरको ऋणपत्र निष्काशन अनुमति प्राप्त गरेका छन्। तर हकप्रद निष्काशनतर्फ भने गत वर्षको प्रथम चार महिनाको तुलनामा उल्लेखनीय रुपमा कमी आई रु. ४७ करोडको मात्र निष्काशन अनुमति प्राप्त गरेका छन्। समीक्षा अवधिमा जलविद्युत क्षेत्रका कम्पनीहरुले साधारण शेयरको प्राथमिक निष्काशनमा बाहुल्यता रहेको छ। समीक्षा अवधिमा भएको कुल निष्काशनमा ऋणपत्रले करिब ७३ प्रतिशत ओगटेको छ भने साधारण शेयरको प्राथमिक निष्काशन र हकप्रद निष्काशनले क्रमशः २१.३७ प्रतिशत र ५.६४ प्रतिशत ओगटेको छ। आ.व. २०७२।७३ को मौद्रिक नीतिमार्फत् बैंक तथा वित्तीय संस्थाहरुको चुक्ता पूँजी वृद्धि गर्ने नीतिगत व्यवस्थाभएसँगै ऋणपत्र निष्काशनमा कमी आएकोमा पूँजी वृद्धिको समयावधि समाप्ति भएसँगै नेपाल राष्ट्र बैंकले बैकहरुलाई ऋणपत्र निष्काशनमार्फत् आफ्नो प्राथमिक पूँजीको शतप्रतिशत रकम बराबरको दीर्घकालिन ऋण पूँजीको व्यवस्था गर्न सक्ने व्यवस्था लागू गरेका कारण समीक्षा अवधिमा बैंकहरुमार्फत् ऋणपत्र निष्काशनमा वृद्धि आएको देखिन्छ। विगत तीन आर्थिक वर्षमा प्रथम चार महिनाको प्राथमिक बजारको अवस्था तालिका १ मा प्रस्तुत गरिएको छ।

**तालिका १: धितोपत्रको प्राथमिक बजारको अवस्था (प्रथम चार महिनामा आधारित)**

| क्रस | विवरण | आर्थिक वर्ष (रकम रु. अर्बमा) | | | | | | परिवर्तन प्रतिशत | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | २०७३/७४ | | २०७४/७५ | | २०७५/७६ | | संख्याको आधारमा | | रकमको आधारमा | |
| | | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | २०७४/७५ | २०७५/७६ | २०७४/७५ | २०७५/७६ |
| १ | प्राथमिक निष्काशन | ३ | ०.४४ | २ | ०.९४ | ५ | १.७८ | -३३.३ | १५०.० | ११३.६ | ८९.३ |
| २ | हकप्रद निष्काशन | २५ | ११.६५ | १८ | ९.४२ | ५ | ०.४७ | -२८.० | -७२.२ | -१९.१ | -९५.० |
| ३ | थप निष्काशन | - | - | १ | ०.९८ | - | - | - | - | - | - |
| ४ | ऋणपत्र | - | - | - | - | ३ | ६.०८ | - | - | - | - |
| ५ | म्युचुअल फण्ड | ३ | ३.०० | २ | २.४५ | - | - | -३३.३ | - | -१८.३ | - |
| जम्मा | | ३१ | १५.०९ | २३ | १३.७९ | १३ | ८.३३ | -२५.८ | -४३.४ | -८.६ | -३९.५ |

साथै चालु आ.व.को प्रथम चार महिनामा प्राथमिक बजारमा औजारगत अवस्थालाई चार्ट १ मा प्रस्तुत गरिएको छ।




## धितोपत्रको दोस्रो बजार:

चालु आ.व.को प्रथम चौमासिक अवधिमा धितोपत्रको दोस्रो बजारको परिसूचकहरुमा ह्रास आएको छ। गत वर्षको प्रथम चार महिनाको अन्त्यमा १४८९.०६ विन्दुमा रहेको नेप्से सूचकांकमा करिब १९ प्रतिशतले कमी आई सो सूचकांक १२०५.०२ बिन्दु कायम भएको छ भने नेप्से फ्लोट सूचकांकमा समेत करिब १८ प्रतिशतले कमी आई ८७.५४ बिन्दु कायम भएको छ। चालु आ.व. को प्रथम चार महिनाको अन्त्यमा नेप्सेमा १९८ कम्पनीहरु सूचीकृत भएसँगै सूचीकृत धितोपत्रको संख्यामा गत आ.व.को सोही समयावधिको तुलनामा करिब १९ प्रतिशतले वृद्धि भएको छ। समीक्षा अवधिमा कुल रु. २६.८२ अर्ब बराबरको धितोपत्र कारोबार भएको छ जुन गत वर्षको सोही समयावधिको तुलनामा करिब ४८ प्रतिशतको कमी हो। समीक्षा अवधिमा धितोपत्रको औसत दैनिक कारोबार रकम रु. ३३.५३ करोड रहेको छ। यस अवधिमा धितोपत्र बजारको कुल बजार पूँजीकरणमा समेत करिब १५ प्रतिशतले गिरावट आई उक्त पूँजीकरण रु. १४६०.८६ अर्ब रहेको छ जुन कुल गार्हस्थ उत्पादनको करिब ४९ प्रतिशत हो। यस्तै धितोपत्र बजारको तरलता मापन गर्ने कुल बजार पूँजीकरणमा कारोबार रकम अनुपात ५.५१ प्रतिशत रहेको छ जुन गत वर्षको सोही समयावधिमा ८.९९ प्रतिशत रहेको थियो।

धितोपत्रको दोस्रो बजारमा सूचीकृत धितोपत्रको आपूर्तिमा भएको उल्लेख्य वृद्धि, असन्तुलित ब्याजदर, बैकिङ्ग प्रणालीमा तरलता समस्या, संस्थागत लगानीकर्ताको बजारमा न्यून उपस्थिति लगायतका कारणले दोस्रो बजारका सूचकांकहरु नकरात्मक रहेको देखिन्छ। विगत तीन आ.व.को प्रथम चार महिनामा धितोपत्रको दोस्रो बजारको अवस्था तालिका २ मा प्रस्तुत गरिएको छ।


**तालिका २: धितोपत्रको दोस्रो बजारको अवस्था (प्रथम चार महिनामा आधारित)**

| क्रस | विवरण | इकाई | आर्थिक वर्ष | | | परिवर्तन प्रतिशत | |
|---|---|---|---|---|---|---|---|
| | | | २०७३/७४ | २०७४/७५ | २०७५/७६ | २०७४/७५ | २०७५/७६ |
| १ | सूचीकत कम्पनीको संख्या | संख्या | २२० | १९७ | १९८ | -१०.४५ | ०.५१ |
| २ | सूचीकृत धितोपत्रको संख्या | संख्या करोड | २३३.७३ | ३१०.२९ | ३६८.९५ | ३२.७६ | १८.९० |
| ३ | धितोपत्रको कारोबार | रु. अर्ब | ८७.३२ | ५१.७८ | २६.८२ | -४०.७० | -४८.२० |
| ४ | कारोबार दिन | दिन | ७३.०० | ७६.०० | ८० | ४.११ | ५.२६ |
| ५ | औसत दैनिक कारोबार रकम | रु. करोड | ११९.६१ | ६८.१३ | ३३.५३ | -४३.०४ | -५०.७९ |
| ६ | कारोबार भएको कूल शेयर संख्या | संख्या करोड | १४.३८ | १२.२२ | १०.२१ | -१५.०२ | -१६.४५ |
| ७ | कारोबार संख्या | रु अर्ब | ४४१,१७१ | ५०५,९५८ | ३४६२८६ | १४.६९ | -३१.५६ |
| ८ | सूचीकृत धितोपत्रको बजार पूँजीकरण | रु. अर्ब | १८९१.३५ | १७२८.६८ | १४६०.८६ | -८.६० | -१५.४९ |
| ९ | फ्लोट बजार पूँजीकरण | रु. अर्ब | ६५१.४२ | ५७९.४९ | ५०५.८ | -११.०४ | -१२.७२ |
| १० | बजार पूँजीकरणमा कारोबारको प्रतिशत | प्रतिशत | १५.३९ | ८.९९ | ५.५१ | -४१.६२ | -३८.७१ |
| ११ | कुल गार्हस्थ उत्पादनमा बजार पूँजीकरणको प्रतिशत | प्रतिशत | ८३.९४ | ६५.४२ | ४८.५८ | -२२.०७ | -२५.७४ |
| १२ | कुल गार्हस्थ उत्पादनमा फ्लोट पूँजीकरणको प्रतिशत | प्रतिशत | २८.९१ | २१.९३ | १६.८२ | -२४.१५ | -२३.३० |
| १३ | नेप्से सूचकांक | विन्दु | १७०१.९१ | १४८९.०६ | १२०५.०२ | -१२.५१ | -१९.०८ |
| १४ | नेप्से सेन्सिटिभ सूचकांक | विन्दु | ३६८.२८ | ३१३.१२ | २५६.२८ | -१४.९८ | -१८.१५ |
| १५ | नेप्से फ्लोट सूचकांक | विन्दु | १२७.१२ | १०६.९० | ८७.५४ | -१५.९१ | -१८.११ |
| १६ | नेप्से सेन्सिटिभ फ्लोट सूचकांक | विन्दु | ११०.०० | ९५.२० | ८०.५ | -१३.४५ | -१५.४४ |

स्रोतः नेपाल स्टक एक्सचेञ्ज लि.

आर्थिक वर्ष २०७५।७६ को प्रथम चार महिनाको नेप्से सूचकांक र नेप्से फ्लोट सूचकांकको प्रवृति तल रेखाचित्रमा प्रस्तुत गरिएको छ।

**चार्ट: नेप्से सूचकांक तथा नेप्से फ्लोट सूचकांकको प्रवृति**



# शेयरको अभौतिकीकरण (डिम्याट) र यसको महत्व

-अनुज कुमार रिमाल
का.मु. निर्देशक

सामान्यतया विभिन्न सूचीकृत संगठित संस्थाले जारी गरेको धितोपत्र (शेयर तथा ऋणपत्र) लाई विद्युतिय माध्यमबाट सम्बधित शेयरधनीको खातामा जम्मा गर्ने कार्यलाई शेयरको "अभौतिकिकरण" (dematerialisation or immobilisation) भनिन्छ। यसले कागज विहिन सेटलमेन्ट पद्दतिलाई संचालन गर्न मद्दत पुऱ्याउंछ।

विश्व बजारमा हेर्ने हो भने न्युयोर्क स्टक एक्स्चेन्ज जस्तो विश्व कै ठुलो धितोपत्र बजारमा शेयर कारोवारमा ठूलो मात्रामा कागजको प्रयोग हुने गरेबाट सन् १९६८ कुल २४ पटक बजार बन्द भएको तथ्याङ्कले देखाउँछ यसलाई "Paperwork Crisis" भनि नामाकरण गरिएको थियो। त्यहाँ बुधबारको दिन बजार बन्द गर्ने, कारोवारको अवधि (घण्टा) कम गर्ने, शेयरको राफसाफ पाँचदेखि छ दिनसम्म बढाउने जस्ता तत्कालका लागि अल्पकालिन कदम चालिए पनि पछि दीर्घकालिन समस्या समाधानको रुपमा शेयरको अभौतिकीकरण गर्ने कार्यको थालनी भएको देखिन्छ।

अन्तर्राष्ट्रिय स्तरमा बजार पूँजीकरण तथा शेयरको अभौतिकीकरणबीचको अन्तर्सम्बन्ध (Demat Equity Market Capitalisation as % of Total Equity Market Capitalisation) समेत महत्वपूर्ण सूचकको रुपमा लिने गरेको देख्न सकिन्छ।

नेपालको सन्दर्भमा धितोपत्रको केन्द्रीय निक्षेप सेवा नियमावली, २०६७ जारी भए पश्चात् धितोपत्रको अभौतिकीकरण गर्ने जिम्मेवारी सहितको केन्द्रीय निक्षेप एण्ड क्लियरिङ लिमिटेडको स्थापना भयो र मिति २०६७ चैत्र १७ औपचारिक रुपमा उक्त लि. को विधिवत उद्घाटन भए पश्चात क्रमवद्ध रुपमा शेयरको अभौतिकीकरण शुरु भएको देखिन्छ। शेयरको अभौतिकीकरण प्रत्यक्ष रुपमा सूचना प्रविधिसँग जोडिन जान्छ। सूचना प्रविधिको उपयोगबाट धितोपत्र बजारलाई व्यवस्थित, पारदर्शी तथा आधुनिकीकरण गर्न सहयोग पुग्छ। नेपालमा हाल डिम्याट खाता तथा डिम्याट खातासँग आवद्ध रहेका संस्था सम्बन्धी विवरण देहाय अनुरुप रहेको देखिन्छ।

**डिम्याट खाता सम्बन्धी विवरण**

| क्र.सं. | सिडिएससिमा दर्ता भएका सूचीकृत संगठित संस्थाको संख्या | डिम्याट (हितग्राही) खाताको सँख्या | अभौतिकिकरणको रुपमा रहेको कुल शेयरको संख्या |
|---|---|---|---|
| १ | १९२ | १४,२३,२६९ | ४,००,५१,०३,०३७ |

**डिम्याट खातासँग आवद्ध संस्था सम्बन्धी विवरण**

| क्र.सं. | डिम्याट खाता सहभागि संस्थाको प्रकार | संख्या |
|---|---|---|
| १ | अनुमति प्राप्त डिपोजिटरी पार्टिसिपेन्ट (डि.पि.) | ६९ |
| २ | दर्ता भएका संगठित संस्था | १९२ |
| ३ | शेयर रजिष्ट्रार (आरटिए) | ६२ |
| ४ | दर्ता भएका राफसाफ सदस्य | ५० |
| ५ | मेरो शेयरमा दर्ता भएको डिपि | ६८ |
| ६ | सि आस्वामा दर्ता भएका वित्तीय संस्था | ६४ |

स्रोतः सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड

नेपालको धितोपत्र बजारमा डिम्याट खाता लागू भएसँगै धितोपत्र बजारले आधुनिकिकरणको प्रस्थान विन्दु प्राप्त गरेको हो। यस कार्यबाट नेपालका वित्तीय संस्थाहरु र पूँजी बजारसँग आवद्ध संस्थाबीच एकीकृत हुन भएको देख्न सकिन्छ। धितोपत्रको प्राथमिक निष्काशन तथा

हकप्रद निष्काशनमा वित्तीय संस्थाहरुसमेतको सहभागितमा रहने आस्वा सेवाको सुरुवात संभव भएको छ। आस्वा सेवाका कारण प्राथमिक निष्काशन तथा हकप्रद निष्काशनमा आवेदनका साथ बुझाएको रकम तथा उक्त रकम फिर्ता हुने जस्ता गतिविधि बैंक मार्फत सुरक्षित र सहज रुपमा गर्न मद्दत पुगेको छ। डिम्याटको कार्यान्वयनसँगै निक्षेप सेवा सम्बन्धी कार्य गर्ने मर्चेन्ट बैंकरको कार्यपद्दतीमा आमूल परिवर्तन आएको देख्न सकिन्छ। साथसाथै वित्तीय संस्थाको कार्यक्षेत्रमा समेत वृद्धि प्रत्यक्ष देख्न सकिन्छ। निक्षेप सेवा सहितको मर्चेन्ट बैंकिङ्ग सम्बन्धी कार्य गर्न नेपालका प्रमुख बैंक तथा वित्तीय संस्थाले सहायक कम्पनी खोली कार्यारम्भ गरिसकेकाले पूर्वाधार तथा क्षमता भएका नयाँ नयाँ संस्थाहरुको आगमन भएको देख्न सकिन्छ। लगानीकर्ताहरुले उचित मूल्यमा प्रभावकारी तथा प्रतिस्पर्धात्मक सेवा लिन सकेको देखिन्छ। प्राथमिन निष्काशनमा आस्वा सोवको व्यवस्था, वित्तीय संस्थाहरुको पँहुच देशभरी भएको र ति संस्थासँग सूचना प्रविधिको राम्रो पूर्वाधार रहेको पृष्ठभूमिमा देशभरका नागरिकलाई सार्वजनिक निष्काशनको शेयर आवेदन गर्न सहज र सम्भव भएको छ।

डिम्याट खाताको कारण नगद लाभांश तथा वोनस शेयर जस्ता संस्थागत लाभ सिधै शेयरधनीको बैंक खाता वा डिम्याट खातामा जम्मा हुने कार्यको प्रारम्भ भएको छ। सार्वजनिक निष्काशनमा मोवाईल तथा कम्प्युटरबाट अनलाइन मार्फत आवेदन गर्न सम्भव भएको छ। साथै Online मार्फत डिम्याट सेवा प्रारम्भ गर्न सम्भव बनाएको तथा हालको दोस्रो बजारमा अनलाइन कारोवार गर्न यसले महत्वपूर्ण योगदान गरेको देखिन्छ। साथै राफसाफ तथा फछ्र्यौट चक्रलाई T+3 (date-plus-three) बाट T+1 (date-plus-one) मा लैजान, अर्न्तदेशिय (क्रस बोर्डर) कारोवार, सूचीकृत कम्पनीहरुको वार्षिक साधारणसभामा Online Voting को व्यवस्था गर्न तथा पूँजी बजारमा Fintech को प्रयोग बढाउन सहायक सिद्ध हुने निश्चित नै छ।

शेयरको अभौतिकिकरणको शुरुवातसँगै शेयरको प्राथमिक तथा दोस्रो बजारमा प्रवेश गर्न तथा कारोवार गर्न सहज र सरल हुन गएको पृष्ठभूमिमा समग्र धितोपत्र बजारमा लगानीकर्ताको संख्यामा उल्लेख्य वृद्धि भै दीर्घकालिन पूँजी परिचालनमा सहयोग पुग्ने देखिन्छ।

❖❖❖

## नेपाल धितोपत्र बोर्डको सर्वसाधारण लगानीकर्ताहरुको लागि धितोपत्र तथा वस्तु विनिमयसम्बन्धी पाक्षिक प्रशिक्षण कार्यक्रम ।तथा रेडियो कार्यक्रम सम्बन्धी सूचना ।

बोर्डको आ.व. २०७५।७६ को धितोपत्र तथा वस्तु विनिमय बजारसम्बन्धी नीति तथा कार्यक्रम अन्तर्गत धितोपत्र बजारमा नव प्रवेशीसहित सम्पूर्ण लगानीकर्ताहरुलाई दृष्टिगत गरी काठमाडौं उपत्यकामा धितोपत्र तथा वस्तु विनिमय बजारसम्बन्धी पाक्षिक प्रशिक्षण तथा रेडियो कार्यक्रम संचालन गर्ने कार्यक्रम रहे अनुरुप बोर्डबाट निःशुल्क रुपमा लगानीकर्ता प्रशिक्षण र धितोपत्र तथा वस्तु विनिमयसम्बन्धी रेडियो कार्यक्रम संचालन भईरहेको सम्बन्धित सबैलाई जानकारी गराईन्छ्। यस सन्दर्भमा आगामी पाक्षिक लगानीकर्ता प्रशिक्षण कार्यक्रम देहायको स्थान, मिति र समयमा संचालन हुने व्यहोरा सर्वसाधारण लगानीकर्ताहरुलाई जानकारी गराउँदै उक्त कार्यक्रममा सहभागिताका लागि बोर्डको फोन नं ०१- ०१-५५४१०५७, ५५५०५११, ५५५५११६२ मा सम्पर्क गरी तथा बोर्डको धधध।कभदयल।नयख।लउ नामक वेबसाइटमार्फत् आफ्नो नाम दर्ता गर्नुहुन इच्छुक सबैलाई अनुरोध गरिन्छ।

| पाक्षिक लगानीकर्ता प्रशिक्षण कार्यक्रम तालिका : | धितोपत्र तथा वस्तु विनियम रेडियो कार्यक्रमः |
|---|---|
| स्थान : बोर्डको कार्यालयमा रहेको हल, जावलाखेल, ललितपुर। | कार्यक्रम प्रसारण हुने संस्था : रेडियो नेपाल। |
| मिति : प्रत्येक महिनाको दोस्रो र अन्तिम शुक्रबार। | प्रसारण हुने दिन : प्रत्येक महिनाको पहिलो र तेस्रो शनिबार |
| समय : दिनको २:०० बजे देखि ४:०० बजेसम्म। | प्रसारण हुने समय : बिहान ७.४० देखि ७.५५ सम्म १५ मिनेट। |

# विश्व लगानीकर्ता सप्ताह २०१८ का केही झलकहरू




*काठमाडौंमा आयोजित प्रभातफेरी कार्यक्रमको एक झलक*



*विराटनगरमा आयोजित पहिलो प्रादेशिक पूँजी बजार प्रदर्शनीमा अवलोकन गर्दै प्रदेश नं.१ का माननीय मुख्यमन्त्री श्री शेरधन राईज्यू साथमा बोर्ड अध्यक्ष डा. कार्की र बोर्डका अन्य पदाधिकारीहरु*




*विराटनगरमा आयोजित प्रथम प्रादेशिक पूँजीबजार प्रदर्शनीमा **एक नेपाली एक डिम्याट खाता अभियान** अन्तर्गत नयाँ लगानीकर्तालाई डिम्याट खाता नम्बर प्रदान गर्दै प्रदेश नं. १ का आर्थिक मामिला तथा योजना मन्त्री माननीय श्री इन्द्र बहादुर आङ्बो ।*




*लगानीकर्ताका लागि प्राविधिक प्रशिक्षण तथा त्रैमासिक सुनुवाई कार्यक्रममा बोर्ड तथा अन्य बजार सहभागीद्वारा प्रकाशित पुस्तकहरुको सामूहिक विमोचनको एक झलक*




*विराटनगरमा आयोजित प्रथम प्रादेशिक पूँजीबजार प्रदर्शनीमा बोर्ड अध्यक्ष र कर्मचारीहरु ।*

**सप्ताहमा सञ्चालन भएका गतिविधिहरुको देहाय बमोजिमको लिङ्कमार्फत् पनि हेर्न सकिनेछः**

१. **A Brief Agenda for Observing the World Investor Week 2018**
http://sebon.gov.np/news/a-brief-agenda-for-observing-the-world-investor-week2018

२. **Participants on Rally organised on 1 October, 2018**
http://sebon.gov.np/audios-and-videos

३. **A Live Television Interview and Interaction Programme through ABC Television Nepal on 4 October, 2018**
https://youtu.be/OejiZHj0dmY

४. **Provincial Indicator of Economy, Banking and Securities Market**
http://sebon.gov.np/uploads/uploads/2P4MGfRxJ8pKpjAtTIOGrjvdu3iZoK75NgSbndUR.pdf

५. **Introduction to SEBON**
http://sebon.gov.np/uploads/uploads/8PH8fCgnVcAff0RZfdca2WB4BX9riLEyY3x42tY4.pdf

प्रमुख सल्लाहकार
डा. रेवत बहादुर कार्की

सल्लाहकार
श्री परीष्टनाथ पौड्याल
श्री निरज गिरी

सम्पादक
डा. नवराज अधिकारी

सह सम्पादक
श्री नारायण प्रसाद शर्मा

सहायक सम्पादक
श्री रेवत श्रेष्ठ

**प्रकाशक**: नेपाल धितोपत्र बोर्डः पो.ब.नं. ९०३१, जावलाखेल, ललितपुर,फोनः ०१-५५४१०५७, ५५५०५११, ५५४४०७६, ५५५५११६२
फ्याक्सः०१- ५५४१०५८, टोल फ्रि हटलाइन नंः १६६०-०१-४४४३३ वेबसाइट :http://www.sebon.gov.np इ-मेलः support@sebon.gov.np